# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

महानगरीय प्रहरी बृत्त, बालाजुमा कार्यरत प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट लगायतले उजुरी निवेदीका विनता देवानका श्रीमानलाई गैरकानूनी रुपमा पक्राउ गरी थुना मुक्त गरिदने प्रयोजनका लागि डर त्रास देखाई विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिइ गएको टोलीले निजलाई रु. ५,००,०००/-(पाँच लाख) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा महानगरीय प्रहरी बृत्त, बालाजुका प्रहरी नायव उपरीक्षक नवीनकृष्ण भण्डारीको प्रत्यक्ष निर्देशन र संलग्नतामा सोही कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट, इलाका प्रहरी कार्यालय, फर्पिङ्गमा कार्यरत प्रहरी हवल्दार मनोजकुमार यादव, महानगरीय प्रहरी प्रभाग, बालसुधार गृह, ठिमी, भक्तपुरमा कार्यरत प्रहरी जवान पुष्करबहादुर शाह तथा आफूलाई प्रहरी कर्मचारी भएको बताउने विन्दावासिनी बालुवा डिपो संचालक विनोद थापा बगालेले कोही कसैको मौखिक तथा लिखित उजुरी बिना नै भारतीय सेनामा भर्ती गराउन भनी फारम संकलन र रकम असुल गरेको भन्ने गलत आरोप लगाई उजुरी निवेदीकाका श्रीमानलाई गैरकानूनी रुपमा पक्राउ गरी शुरुमा मनमैजुस्थित विन्दावासिनी बालुवा डिपोमा नियन्त्रण र कब्जामा राखेपश्चात महानगरीय प्रहरी बृत्त, बालाजुमा थुनामा राखी, डर त्रास देखाई घुस रिसवत माग गरी उक्त रिसवत रकम लिन मंजुर गरी भ्रष्टाचार गर्ने मनसायले रु ५,००,०००/-(पाँच लाख) घुस/रिसवत लिएको पुष्टी हुनआएकोले निजहरुमध्ये राष्ट्रसेवकहरु प्रहरी नायव उपरीक्षक नवीनकृष्ण भण्डारी, प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट, प्रहरी हवल्दार मनोजकुमार यादव र प्रहरी जवान पुष्करबहादुर शाहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूर गरेको देखिएको हुँदा निजहरुलाई जनही बिगो रु. ५,००,०००/-(पाँच लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै आफूलाई प्रहरी कर्मचारी भएको बताउने विन्दावासिनी बालुवा डिपो संचालक विनोद थापा बगालेले आफू संचालक रहेको डिपोमा उजुरी निवेदीकाका श्रीमानलाई लुकाइ छिपाई राखी उपरोक्त बमोजिमका राष्ट्रसेवक प्रहरी कर्मचारीहरुसँग प्रत्यक्ष संलग्न भई घुस/रिसवतको माग गर्न र रिसवत रकम लिन सहयोग गरेको पुष्टी हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजलाई बिगो रु. ५,००,०००/-(पाँच लाख)कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता